# संघीय संसद
# प्रतिनिधि सभा
# अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति

## बैठक संख्याः ६
## (मितिः २०८०/०५/१८)

**कार्यसूचीः**

१. संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट भइरहेका कामकारवाहीका सम्बन्धमा मन्त्रालयसँग ब्रिफिङ्ग लिने।

२. विविध।

## छलफल तथा निर्णय

समितिको आजको बैठकमा समितिका नवनिर्वाचित सभापतिबाट आफूलाई अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापतिमा निर्विरोध निर्वाचित गरिदिनुभएकोमा समितिका सम्पूर्ण माननीय सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका माननीय मन्त्री, माननीय राज्यमन्त्री र सचिवले मन्त्रालयको कार्यक्षेत्र एवं मन्त्रालयबाट हाल भइरहेका काम कारवाहीका सम्बन्धमा समितिलाई जानकारी गराउनुभयो । बैठकमा माननीय सदस्यहरुले मन्त्रालयका सम्बन्धमा विभिन्न जिज्ञासा एवं सुझाव राख्नुभयो भने माननीय मन्त्रीले समितिका सदस्यहरुबाट आएका जिज्ञासाहरुको सम्बोधन गर्नुभयो ।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।